# बान्तवा राईहरूको सुप्तुलुङमा पितृहरूको स्थान र दायित्व

**चन्द्रकुमार राई***

**लेखसार**

*प्रस्तुत लेख बान्तावा राईहरूको आस्थाकेन्द्र सुप्तुलुङमा केन्द्रित छ । सुप्तुलुङ खाना पकाई खाने तीन चुला ढुङ्गाको एकीकृत स्वरूप हो । त्यसअतिरिक्त पितृहरूको निवासस्थल तथा शक्तिको स्रोतकेन्द्र रहेको विश्वास छ । विश्वासअनुसार यिनै सुप्तुलुङमा पितृहरू निवास गर्दै सन्तानको रक्षा गर्ने गर्दछन् । बान्तावा राईहरूको विश्वासमा पितृहरू नै सर्वोच्च शक्ति हुन् । सुप्तुलुङका तीन ढुङ्गाहरू भिन्न तीन शक्तिको प्रतीक मानिन्छन् र त्यही प्रतीकका आधारमा पुजिने र शक्ति आर्जन हुने विश्वास छ । यी तीन शक्तिहरूमा पुरुष शक्ति, महिला शक्ति र समाज प्रतिनिधि शक्ति हुन् । यी तीन शक्तिहरूमा पुरुष प्रतीक शक्ति अन्न, महिला प्रतीक लक्ष्मी र समाज प्रतीक प्रतिष्ठा तथा एकतासँग सम्बन्धित भएको देखिन्छ । यति मात्र होइन सुप्तुलुङमा बस्ने पितृहरूले नयाँ घर र परिवारको नयाँ सदस्यलाई मान्यता दिने, समाजको आवश्यकतालाई महत्त्वका साथ जोड दिई परिवारमा नैतिकता तथा सुब्बेफाब्बे कायम राख्ने भूमिकासमेत निर्वाह गरेको पाइन्छ । यसरी प्रस्तुत लेखमा सुप्तुलुङले पितृसँग अन्तरसम्बन्धित भई सन्तानका लागि त्रिआयामिक दायित्व निर्वाह गरेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**

किरात, राई, बान्तावा, सुप्तुलुङ, पितृ, मुन्दुम ।

---

* स्वतन्त्र अन्वेषक तथा संस्कृतिविद् ।

# [Place and Responsibilities of Ancestors in Suptulung of Bantwa Rai Community

**Chandra Kumar Rai**

## Abstract
This article is primarily based on the history and belief system of Suptulung in Bantawa Rai community. Suptulung is a combinations of three different stones specially used for cooking in general. Moreover, it is believed that Suptulung is the abode of ancestors and center of power. According to the belief system of Bantawa Rai community, ancestors are supreme and reside in Suptulung to protect their children and upcoming generations over the time. The three stones of Suptulung are considered to be symbols of three different powers and it is believed that they are worshiped based on these symbols and power is achieved. In fact, these three powers are men's power, women's power and community representative power. Among them, the male symbol is associated with strength and grain, the female symbol is Lakshmi, and the social symbol is related to prestige and unity of a community. Notwithstanding, ancestors play a vital role to recognize new home and new members of the family, emphasizing the needs of society and maintaining morality in the family. Thus, Suptulung and ancestors are intertwined to each other and perform different dimensional roles and responsibilities for their generations.

**Keywords**

Kirat, Rai, Bantawa, Ancestor, Suptulung, Mundum.]

**विषयपरिचय**

पूर्वी नेपालको भोजपुर जिल्लालाई आफ्नो पुर्ख्यौली थलो मान्ने बान्तावाहरू किरात राईकै एक थर (शाखा) हुन् । संस्कृत र नेपाली वाङ्मयमा 'किराँत' भनेर चिनिने यो जातिले भने किराँत नभनी 'किरात' भनेर आफूलाई चिनाउने गर्दछन् । यसरी नै बान्तावा राईहरूले भने आफूलाई किराँतको ठाउँमा किरावा भन्ने गर्दछन् । किरावा, बान्तावा भाषाको कि– लामो, धेरै र रावा– दाजुभाइ मिलेर बनेको नाम शब्द हो (हतुवाली, २०७०, पृ. १) । यसरी किरात धेरै भाषा र संस्कृति भएको एक जातीय समुदाय हो । यो जातिका बारेमा हिन्दू धर्मग्रन्थलगायत ऐतिहासिक ग्रन्थहरूमा पनि चर्चा पाइन्छ । *नेपाली बृहत् शब्दकोशले* किरातको अर्थ– "१. पूर्वी नेपालको माझ किराँत तथा पल्लो किराँतका नामले प्रसिद्ध एक प्रदेश । २. उक्त प्रदेशमा बसोवास गर्ने प्राचीन एक जाति, राई लिम्बू" भन्ने अर्थ दिएको छ (पराजुली, २०६०, पृ. २२६) । यस अर्थले किरातबारे प्रस्ट पारेको छ तथापि ओल्लो किरातमा बसोवास गर्ने सुनुवार किरात छुट्न गएको छ । नेपालका सन्दर्भमा यो परिभाषा किरात समाजको बुझाइसँग मिल्दो देखिन्छ । किरातभित्र राई, लिम्बू, याक्खा र सुनुवार पर्ने

उल्लेख छ (लिम्बू, किरात, रोगु र सुनुवार, २०५९, पृ. ४)। यस सत्यतालाई ललितपुर जिल्लाको हात्तीवनमा रहेको सामूहिक धार्मिक स्थल रहनुले प्रमाणित गर्दछ। यस सामूहिक धार्मिक स्थललाई राईहरूले माङखिम, लिम्बू तथा याक्खाहरूले माङहिम र सुनुवारहरूले स्याँदर ज्योर नामले बोलाउने गरेका छन्। यस धार्मिक आस्थाकेन्द्रभित्र यी चार किरातका आआफ्ना आस्थाकेन्द्रहरू स्थापित छन्। यहाँ राईहरूको आस्थाकेन्द्र सुप्तुलुङ स्थापित छ।

बान्तावा राईहरूको मुख्य पुर्ख्यौली थलो खोटाङ जिल्लाको पूर्वी भेक र भोजपुर जिल्ला हुन्। यी राईहरू अहिले अवसर तथा सुविधाको खोजीमा संसारको कुनाकुनासम्म फैलिएका छन्। आफ्नै भाषा बोल्ने र संस्कृति मान्ने यी राईहरूको मुख्य आस्थाकेन्द्र सुप्तुलुङ हो। उनीहरूका विश्वासमा सुप्तुलुङमा पितृहरू निवास गर्दछन्। तिनै पितृहरू नै उनीहरूका महान् आस्थाका देवता हुन् तथापि यस सुप्तुलुङमा पितृको स्थान र दायित्वबारेमा गहन अध्ययन भएको छैन। त्यसैले यस लेखमा सुप्तुलुङ भनेको के हो ? पितृ भन्नाले के बुझिन्छ ? सुप्तुलुङमा पितृहरूको स्थान कस्तो छ ? र सन्तानहरूप्रति पितृहरूको दायित्व के छ ? भन्ने बारेमा अध्ययन गरिएको छ।

## अध्ययनको विधि

स्थलगत अध्ययनमा आधारित यस लेखको मूल अध्ययनक्षेत्र भोजपुर जिल्ला, हतुवागढी गाउँपालिका, वडा नं. २, दितेनी गाउँ हो। यो एक सानो भौगोलिक क्षेत्र हो। यो साबिकको रानीबास गाउँविकास समिति, वडा नं. ३ पर्दथ्यो। स्थानीय तहहरूको पुर्नसंरचनापछि दितेनी, हतुवागढी गाउँपालिका वडा नं. २ को एउटा सानो गाउँमा सीमित हुन पुगेको छ। यस गाउँमा जम्मा २११ घरधुरी रहेकामा २१० घरधुरी राई र १ घरधुरी कामी जातिको छ। राईभित्र विभिन्न थरहरू भए तापनि दितेनी गाउँमा भने बान्तावा राईहरू मात्र बसोवास गरेका छन्। उनीहरू आफ्नै भाषा बोल्ने, संस्कृति तथा धर्म मान्ने गर्दछन्। त्यसैले बान्तावा संस्कृति, भाषा तथा धर्म अध्ययनका लागि दितेनी गाउँ उपयुक्त रहेको देखिन्छ।

प्रस्तुत अध्ययन संस्कृतिसँग सम्बन्धित रहेकाले गुणात्मक/आगमनात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ। त्यसैले यस अध्ययन विषयसँग सम्बन्धित तथ्याङ्कहरू निश्चित स्रोत व्यक्तिहरूबाट मात्र प्राप्त हुने भएकाले उद्देश्यमूलक नमूना छनोट विधि अपनाइएको छ भने तथ्याङ्क सङ्कलनका लागि जनजातीय विधिमार्फत प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता साथै लक्षित समूह छलफल विधि प्रयोग गरिएको छ। यस क्रममा आवश्यक द्वितीय स्रोत सामाग्रीहरू पनि उपयोग गरिएका छन्। प्राप्त तथ्याङ्कहरूको अध्ययन-विश्लेषणका लागि आवश्यक तथ्याङ्कहरूलाई शीर्षकअनुसार कोड दिएर छुट्याई अध्ययन प्रश्नका आधारमा व्याख्या गर्दै निष्कर्ष निकालिएको छ।

## सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययन मानवशास्त्रको प्रतीकात्मकवाद सिद्धान्तमा आधारित छ। सुप्तुलुङ तीन चुला ढुङ्गाहरूको समग्रता भएको खाना पकाउने परम्परागत साधन हो। यसका अतिरिक्त उनीहरूको शक्तिदाता तथा आस्थास्थल पनि हो। त्यसैले सुप्तुलुङलाई शक्तिको स्रोतको रूपमा बान्तावा राईहरूले किन मान्दछन्, कसरी मान्दछन् ? प्रस्ट पार्नु आवश्यक छ। मानवशास्त्री क्लिफोर्ड गिर्जका अनुसार संस्कृतिहरू जालो हुन्। यिनीहरूको अर्थ गहन हुने भएकाले गहन व्याख्या र वर्णनबाट मात्र सम्भव छन् (Geertzl, 1973, P. 5)। यस अर्थमा सुप्तुलुङको बाहिरी स्वरूप सामान्य पकाई खाने ढुङ्गा देखिए तापनि यसको विश्वास, मूल्य र मान्यताहरूका बारेमा जान्नका लागि व्याख्या आवश्यक देखिन्छ। अवलोकन, सहभागी तथा सूचनादाताहरू (देखेर, सुनेर र बुझेर)

बाट पाएका जानकारीहरूलाई व्याख्याद्वारा मात्र मूल्य, मान्यताहरू तथा विश्वासहरूको अर्थ प्रस्ट हुन्छ (Creswell, 2009, P.176)। यस अर्थमा अध्ययनमा मानवशास्त्रीय प्रतीकात्मक सिद्धान्त अवलम्बन गरिएको हो।

**बान्तावा राई**

बान्तावालाई बन्तावा, बोन्तावा, वान्तावा आदि नामहरूले बोलाउने गरेको पाइन्छ। यो नाम डाँडा, टोल, खोला वा थुमअनुसार बोली, लवज तथा उच्चारणमा फरक पर्न गएको देखिन्छ। बान्तावा, बोन्तावा शब्द अपभ्रंश भई बनेको हो। बोन र तावा मिलेर बान्तावा बनेको र बोनको अर्थ पानीको मूल र तावाको अर्थ आएको वा तावाङ पाहुना भन्ने बुझिन्छ (राई, २०६९, पृ. २८७, हतुवाली, २०७०, पृ. १, राई, २०७५, पृ.८८)। यस सम्बन्धमा संलग्न अध्येताहरूले दिएका बान्तावा शब्दको अर्थमा एकरूपता देखिन्छ। यस शाब्दिक अर्थलाई अझ प्रस्ट गर्न प्राचीन कालमा हिमाली क्षेत्रमा बसोवास गर्ने किरातका सन्तान नै बान्तावा हुन् भनेको पाइन्छ (राई, २०७५, पृ. ८९)। यस अर्थले पनि पानीको मूल हुँदै आएको भनाइलाई समर्थन गरेको देखिन्छ। दितेनी गाउँ निवासी माङटाङपा (सुप्तुलुङ पुजारी) राजकुमार हाङखिम र शिक्षक तथा माङटाङपा बालककुमार राईद्वयको भनाइ पनि उल्लिखित अर्थहरूसँग मिलेको पाइन्छ। यस अर्थमा बान्तावाहरूको मूल पुर्ख्यौली थलोकिलो पानीको मूल, मुहान आदिसँग सम्बन्धित रहेको छ।

**बान्तावा राईहरूमा सुप्तुलुङ**

सुप्तुलुङ, खाना पकाउने चुलो हो। यसलाई बान्तावा बोलीचालीको भाषामा हुट्लुङ, डाब्वेखाम, चाखाम आदि नामले चिनिन्छ। हुट्लुङ शब्द बान्तावा भाषाको हुट र लुङ मिलेर बनेको हो। हुट् भन्नाले दुलो वा खाल्डा र लुङ भन्नाले ढुङ्गा भन्ने बुझिन्छ। यसर्थ खाल्डा खनेर स्थापना गरिएको ढुङ्गा नै हुट्लुङ हो भन्ने बुझिन्छ (हतुवाली, २०६४, पृ. ६४, राई, २०७५, पृ. १५२, राई, २०७७, पृ. १४२)। डाब्वेखाम भने डिवाखामको अपभ्रंशित रूप हो। डिवाखाममा डिवाको अर्थ बाजे तथा पितृपुर्खा र खामको अर्थ ठाउँ अर्थात् बस्ने ठाउँ अर्थात् पितृहरू बस्ने ठाउँ भन्ने हुन्छ। यसरी पितृहरू बस्ने अर्थमा सुप्तुलुङ डिवाखाम भएको हो। यही चुलालाई चाखाम नामले पनि चिनिन्छ। चाखामको अर्थ (चा– खाना र खाम–ठाउँ) खाना पकाइ खाने ठाउँ भन्ने हो। सुप्तुलुङ नाम चाहिँ चुला पुज्दा मुन्दुममा आउने आस्थागत स्थल वा पितृ निवासस्थान गर्ने नाम हो। मुन्दुम किरातीहरूको जीवनदर्शन हो।

सुप्तुलुङको शाब्दिक अर्थ अगेना, चुला (हार्ताम्छाली, २०७५, पृ. १५६), "तीन चुला, किरात राईहरूको कुल देवतालाई पुकार्ने गरी अगेनामा गाडिएको ढुङ्गाको चुला" भनिएको छ (राई, २०७७, पृ. ३७)। यसलाई सुप्मा– टेकाउनु/अड्याउनु र लुङ (ढुङ्गा) अर्थात् केही अड्याउन राखिएको ढुङ्गा पनि भनिएको छ (माङ्पाहाङ, २०७८, पृ. ३८)। यसको प्रस्ट शाब्दिक अर्थ भने दितेनी निवासी माङटाङपा राजकुमार हाङखिमले दिएका छन्। उनका अनुसार– "सुप्तुलुङ शब्द बान्तावा भाषाको सुन्तुम र लुङ मिलेर बनेको हो। सुन्तुमको अर्थ पुर्खा, पितृ हो भने लुङको अर्थ ढुङ्गा भन्ने हुन्छ। पितृको बसोवासस्थल र प्रतीकको रूपमा मानिएको ढुङ्गा नै सुन्तुमलुङ हो। यही सुन्तुमलुङ अपभ्रंश भइ सुप्तुलुङ बनेको हो।" यो अर्थ भने समग्र बान्तावा समाजले बुझ्ने अर्थसँग तादाम्य राख्ने देखिन्छ।

बान्तावा राईहरूले अवसर विशेष सुप्तुलुङमा पूजा-अनुष्ठान गर्दछन्। सुप्तुलुङको पूजा-अनुष्ठान कार्य व्यक्तिगत पितृपूजा भएकाले हरेक घरमा सुप्तुलुङ स्थापना गरिएको हुन्छ। यस

अर्थमा यो नयाँ घरनिर्माणको आधार पनि हो । यसैका आधारमा परिवारका सदस्यहरू पारस्परिक सम्बन्ध तथा सामूहिक चेतनामा बाँधिएका हुन्छन् । सुप्तुलुङमा आगो ताप्ने र त्यस क्रममा अविभावकले सन्ततिहरूलाई अनुभव सुनाई पारिवारिक शिक्षा दिने साथै योजना निर्माण गर्ने स्थान पनि हो । यसमाथि भार राखेर काँचो अन्न, दाउरा, नयाँ डोको, थुन्से आदि सुकाउने ठाउँका रूपमा प्रयोग गरिन्छ । यसरी सुप्तुलुङ आस्थाकेन्द्र मात्र नभएर ज्ञान र व्यावहारिक जीवनको महत्त्वपूर्ण स्रोत र साधन भएको देखिन्छ । क्लिफोर्ड गिट्जले एउटा प्रतीकले एउटै समयमा विभिन्न अर्थहरू दिएको हुन्छ भनेका छन् (1973, p.91) । यसरी सुप्तुलुङ एउटै भएर पनि यसको भिन्न समय र अवस्थामा प्रयोग र दिने अर्थहरू भिन्न रहेका छन् । सुप्तुलुङ तीन ओटा लाम्चो ढुङ्गाहरूलाई मुन्दुमी विधिविधानअनुसार गाडेर तयार पारिएको हुन्छ । अध्ययनक्षेत्रमा सुप्तुलुङ राख्ने स्थानलाई मध्यनजर गर्दै वास्तुशास्त्र मिलाएर घर बनाउने परम्परा छ । सुप्तुलुङलाई घरको पछिल्लो भागमा उत्तरतिर पर्ने गरी राखिएको पाइन्छ । मुन्दुमी वास्तुशास्त्रअनुसार उत्तर दिशा उज्यालाको प्रतीक, अन्नको सह रहने, उच्च साथै प्रगतिको प्रतीक मानिन्छ ।

## बान्तावा राईका पितृहरू

हिन्दू धर्मावलम्बीहरूमा पनि पितृपूजा गर्ने चलन छ । *मनुस्मृति*मा पतिव्रता धर्मपत्नी पितृपूजामा सहभागी हुन सक्ने उल्लेख छ (आचार्य, २०७३, पृ. १२७) । यही स्मृतिमा पितृहरू माछाले दुई महिना, हरिणको मासुले तीन महिना, भेडाका मासुले चार महिना र खाद्य तथा पक्षीका मासुले पाँच महिनासम्म तृप्ति हुने उल्लेख छ (आचार्य, २०७३, पृ. १२७) । जापानीहरूले पनि आफ्ना पितृहरूलाई आस्थाका साथ पुज्ने गरेको पाइन्छ । उनीहरू बिहान, बेलुका र अवसर विशेष घरमा पितृहरूको पूजा गर्दछन् (Ooms, 1976, P. 63) । यसरी मानव जीवनको सामाजिक तथा सांस्कृतिक वृत्तमा पितृहरूको स्थान उच्च पाइन्छ ।

किरातीहरूको दर्शनशास्त्र *मुन्दुम*मा आत्माको चर्चा पाइन्छ । *मुन्दुम*का अनुसार हरेक वस्तुमा आत्मा हुन्छ । वस्तुको भौतिक स्वरूप नष्ट भए पनि आत्मा बाँचिरहन्छ । बान्तावा राईहरूको जीवनचर्या *मुन्दुम*मा आधारित रहेकाले हरेक सन्दर्भमा आत्माको चर्चा आउने गर्दछ । आत्माहरू पितृ र प्रेतात्मा दुई रूपमा पाइने विश्वास छ । पितृ, देवत्व आत्मा हो भने प्रेतात्मा, राक्षसी आत्मा हो । पितृ आत्माहरूले सन्तानहरूको जीवन चर्यामा सुख, शान्ति, प्रगति, उन्नति आदिका लागि बल, आशीर्वाद दिने र प्रेतात्माहरूले बिरामी बनाउने साथै मृत्युका लागि प्रोत्साहन गर्ने गर्दछन् भन्ने विश्वास छ । त्यसैले उनीहरूको विश्वासमा पितृहरूभन्दा शक्तिशाली अन्य केही छैन ।

पितृहरूप्रति उनीहरूको गहिरो आस्था र विश्वास रहेको देख्न पाइन्छ । हरेक बान्तावाजनहरूको पितृ बन्ने चाहना हुन्छ । पितृ बन्ने आधार भनेको मृत्यु अवस्था नै हो । *मुन्दुम*ले यस्ता मृत्यु अवस्थाहरू तोकेको पाइन्छ । बान्तावा संस्कार तथा संस्कृति अध्येताहरूले मृत्यु हुँदाको अवस्थालाई आधार मानेर सहज मृत्यु र असहज मृत्यु भनेर विभाजन गरेको पाइन्छ । यो विभाजन अध्ययन क्षेत्रका बान्तावाहरूको मान्यतासँग मिल्दो देखिन्छ । यसलाई कालगति र अकालमा मृत्युवरण गरेको पनि भनिन्छ । यसबाहेक शारीरिक अवस्था र उमेरलगायत अवस्थाले पनि मृत्यु निर्धारण गर्ने गरेको पाइन्छ । दितेनी निवासी माङ्पा (धामी) पदमबहादुर राई (वर्ष ७०) ले पितृ बन्ने मुन्दुमी आधारहरू देहायअनुसार रहने उल्लेख गरेका छन् :

(क) छोरा सन्तान भएको,
(ख) मृत्युको अवस्थामा कुनै घाउचोट नभएको,

(ग) लासलाई राई बाहेकका अन्य जातिले नछोएको,
(घ) लासलाई कुनै जीवजन्तुले नछोएको,
(ङ) महिला भएमा महिनाबारी पूर्ण रूपमा बन्द भएको,
(च) जीवित हुँदा कुनै जङ्गली जनावरले नटोकेको,
(छ) जीवित हुँदा आत्महत्याको प्रयास नगरेको,
(ज) अप्रेसन गर्दा शरीरभित्र कुनै धातु आदि नछाडिएको ।

उपर्युक्त अवस्थामा मृत्यु भएका मृतकको आत्मा मात्र पितृ बन्दछ । यस्तो आत्मालाई मुन्दुमी विधिविधान गरेर सुप्तुलुङमा पितृको रूपमा स्थापित गरिन्छ । दितेनी निवासी रामप्रसाद राई (वर्ष ७४) का अनुसार यसरी स्थापित गरिएका पितृहरूलाई माङ भनिन्छ । माङको अर्थ पितृ, देवीदेवता, भगवान् भन्ने हुन्छ । यी आत्माहरू नै सन्तानहरूको सुब्बेफाब्बे गर्ने माङ, देवता तथा भगवान् बन्दछन् । पितृ नहुने आत्माहरू सैँहैँ, प्रेतात्मा बन्दछन् । बच्चा जन्मेर छेवर तथा गुन्यूचोली नदिई मरेमा छाछामाङ नामको सैँहैँ बनेर छाछारितेन (गाउँ) मा, छेवर तथा गुन्यूचोली दिएका किशोरकिशोरी साथै युवायुवतीको सहजले मृत्यु भएमा तोङ्गोरुम नामको आत्मा बनेर पितृहरूकै साथमा र असहज मृत्यु भएमा हल्लावा सैँहैँ बनेर हल्लारितेन (प्रेतात्मा बस्ने ठाउँ) मा बस्दछन् भन्ने छ । महिनावारी सुरु भएर पूर्ण रूपमा बन्द नभई युवती तथा महिलाको मृत्यु भएमा साथै सुत्केरी व्यथाले मृत्यु भएका महिलाको आत्मा मामाङ सेंहैं बन्दछन् र मामाङरितेनमा बस्दछन् । महिनाबारी हुनुले पितृकार्यमा असर पार्दैन तर मृत्यु संस्कारमा भने गहन महत्त्व रहेको पाइन्छ । पूर्ण रूपमा महिनाबारी बन्द नभई मृत्यु भएमा असहज मृत्यु मानिन्छ । यसलाई असहज मृत्यु मान्नुको मुख्य कारण महिनाबारीबाट निस्केको रगतलाई शरीरमा चोट परेर निस्केको रगत मान्नु हो । *मुन्दुम*अनुसार शरीरमा चोट लागेपछि मात्र रगत आउँछ । घाउचोट लागेर मृत्यु हुनु भनेको असहज मृत्यु हुनु हो । असहज मृत्यु भएकाहरूको आत्मा पितृ बन्दैन । मामाङ आत्माहरू सल्लाघारीबिच समतल परेको ठाउँमा भेला भई नाच्दछन् । सल्लाघारीमा सल्लाका पात हटेर खाली भएको गोलकार घेरा यिनै मामाङहरूले नाचेर बनाएका हुन् भन्ने विश्वास रहेको छ । विवाहित पुरुष तथा महिलाको घाउचोट तथा दुर्घटना परेर मृत्यु भएकाहरूको आत्मा पनि हल्लावा सैँहैँ हुन्छ र हल्लारितेनमा बस्दछन् भन्ने छ ।

सैँहैँ आत्माहरूले परिवारका सदस्य साथै समाजका जोकोहीलाई आफू जस्तै असहज मृत्युका माध्यमबाट लान खोज्छन् भन्ने भनाइ छ । त्यसैले मामाङ र हल्लावा आत्माहरूको सैँहैँ माङ्पा (धामी) ले मारेर फकाउँदै तिनीहरू बस्ने तेन (गाउँ) मा पुऱ्याएर आउँछन् । सैँहैँ मार्नु भनेको आत्माहरूको सक्रियतालाई निस्क्रिय तुल्याउनु हो । सैँहैँ नमारेको आत्मा अति सक्रिय हुन्छ भन्ने छ । यी आत्माहरू माङ्पाले बोलाउँदा नजिक नआई भाग्ने गर्दछन् । माङ्पा नाच्दै परिवार तथा दाजुभाइहरूलाई भेला पारेर मृतक आत्मालाई आँगनको एक ठाउँमा खाना दिन लगाउँछन् । सैँहैँले उक्त खाना खाँदै गर्दा माङ्पाले वासङ (प्वाँख लगाएको काँड) ले हान्दछ जसलाई नै सैँहैँ मारेको भनिन्छ । सैँहैँ मारेपछि आत्माले माङ्पाले भनेको कुरा मान्न थाल्दछ र हल्लावा भएमा हल्लारितेन र मामाङ भएमा मामाङरितेनमा फकाउँदै पुऱ्याई आउँछन् जसलाई बान्तावा भाषामा लाम पाक्मा अर्थात् बाटो लाउनु भनिन्छ । ती तेनहरू जाने बाटोमा विशाल खोला नदीहरू हुन्छन् । ती खोला नदीहरूमा मुन्दुममार्फत माङ्पाले साँगु पुलहरू हाल्दै आत्मालाई तार्दै लगेर हल्लावा साथै मामाङहरूसँग चिनारी गराएर छाड्छन् । माङ्पा पदमबहादुर राईका अनुसार त्यहाँ बस्ने पुरुष हल्लावाहरू हलो ताछ्ने, डोको, नाम्लो बुन्ने र महिला हल्ला र मामाङ आत्माहरू तान बुन्ने साथै महिलाले गर्ने कामहरू गर्दै बसेका हुन्छन् भन्ने विश्वास किरात जातिमा रहेको छ । त्यहाँबाट हल्ला र मामाङ आत्माहरू फर्केर आउन नसकून् भनेर माङ्पाले अघि लगाएका पुलहरू भत्काउँदै

आउँदछन् । यी प्रेतात्माहरू गाउँसमाजमा फर्कन नपाएपछि समाजमा दुःखबिमार, दुर्घटना हुन पाउँदैनन् र सुखशान्ति छाउँदछ भन्ने विश्वास रहेको छ ।

## सुप्तुलुङमा पितृहरू

सुप्तुलुङ र पितृबिच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । यी दुईलाई पर्यायको रूपमा लिने गरिन्छ । सहज मृत्युवरण गरेका आत्माहरूलाई मुन्दुमी विधिविधान गरेर पितृमा बसाइन्छ । यस विधिलाई क्रमशः माङदा पाक्मा, हुल्लुङदा पाक्मा, सुप्तुलुङदा पाक्मा, शाम्खादा पाक्मा, दिवादा पाक्मा भनिन्छ । माङ, हुल्लुङ, सुप्तुलुङ, शाम्खा, दिवा आदि शब्दले सुप्तुलुङ र पितृ दुवै बुझाउँछन् भने पाक्माले राख्नु, हुल्नु, बसाउनु, स्थापना गर्नु भन्ने अर्थ दिन्छ । यिनबाट पितृमा हुल्नु, सुप्तुलुङमा राख्नु, सुप्तुलुङमा प्रवेश गर्नु, पितृमा राख्नु साथै पितृमा हुल्नु भन्ने बुझिन्छ । सबैको विधि र भाव एउटै हो । *मुन्दुम*अनुसार सुप्तुलुङबिना पितृहरू रहँदैनन् र पितृबिनाको सुप्तुलुङ हुँदैन । पितृहरूको निवास नहुने चुला सुप्तुलुङ नभई सामान्य खाना पकाई खाने ठाउँ मात्र बन्दछ र यस्तो चुलामा कुनै मुन्दुमी विधिविधान गरिँदैन ।

## सुप्तुलुङमा पितृहरूको अवस्थिति

साम्पाङ राईका पितृहरू माछेम (बाँसबाट बनाइएको सानो भार) र मूल खम्बामा बस्दछन् भन्ने पाइन्छ (Rai, 2018, P.107) । तर बान्तावा राईका पितृहरू भने सुप्तुलुङमा बस्दछन् भन्ने विश्वास छ । माथि नै उल्लेख गरिसकिएको छ कि बान्तावा राईहरूको मुख्य माङ (देवता, भगवान्, ईश्वर) भनेका नै पितृहरू हुन् र यिनीहरू बस्ने ठाउँ सुप्तुलुङ हो । *मुन्दुम*ले भन्छ– "सुप्तुलुङभन्दा अन्त पितृहरू बस्दैनन् ।" पितृहरू बस्ने भएकाले नै सामान्य चुलाले सुप्तुलुङ नाम पाएको हो तर पितृहरू आफैँ आएर सुप्तुलुङमा बस्दैनन्, माङटाङपाले मुन्दुम वाचन गर्दै बसाउनुपर्दछ । माङटाङपा भोटमान राई (७०) का अनुसार आजबाट तपाईँहरूको सन्तान छोरा, नाति फलना.... (नाम भन्ने) मूल घरबाट छुट्टिएर घरमूली, अन्नको धनी, लक्ष्मीको धनी, वस्तुभाउको धनी बन्नका लागि सुप्तुलुङ स्थापना गरेर तपाईं पितृहरूलाई बसिदिनका लागि अनुरोध गर्दै छन्; तपाईं पितृहरू (नाता र नाम भन्दै) ले यस सुप्तुलुङमा बसेर सन्तानको सुब्बेफाब्बे गर्नुहोला, भरअभरमा रक्षा गर्नुहोला, भुलचुक भएमा सम्झाई क्षमा गरिदिनुहोला भनी अनुरोध गरिन्छ । यसरी अनुरोध गरेपछि पितृहरू सुप्तुलुङमा बस्दछन् र सुप्तुलुङले पूर्णता पाउँदछ । यसरी सुप्तुलुङ पितृहरूको बासस्थान हुन पुग्दछ अर्थात् सुप्तुलुङ पितृहरूको निवासस्थलको प्रतीक हुन पुग्दछ र पूज्यस्थल बन्न पुग्दछ । यसपछि पितृहरूले आस्था देवता, भगवान् तथा सन्तानको संरक्षकको स्थान प्राप्त गर्दछन् । त्यसैले आँखा देख्ने (मृतात्मा देख्नु) हरूले सुप्तुलुङको वरिपरि केश फुलेका पितृहरू आगो ताप्दै गफिरहेको देख्छन् भन्ने विश्वास किरात समुदायमा रहेको देखिन्छ ।

सुप्तुलुङले पूर्णता पाएपछि देवस्थलमा परिणत हुन्छ । माङटाङ्पा लालबहादुर राई (वर्ष ६५) का अनुसार सामान्य चुला सुप्तुलुङ बनेपछि खुट्टाले लाग्न, थुक्न, छेउमा जथाभावी बोल्दै गालीगलौज गर्दै थुकाथुक गर्न र रगतपच्छे हुने गरी झगडा गर्न मिल्दैन । यस्तो भएमा पितृहरू बिटुलो भई सन्तानको शारीरिक, आर्थिक साथै प्रतिष्ठामा हानिनोक्सानी हुन्छ । कतिले यसलाई नकरात्मक अर्थ लगाएर पितृहरू बिटुलो भएमा 'माङ्च्या मचा' (पितृहरूले खान्छन्) भन्ने गरेको पनि पाइन्छ । पितृहरू भनेका रक्षक, देवता, भगवान् भएकाले माङ्च्या मचा भन्ने भनाइ मिलेको पाइँदैन । वास्तवमा पितृहरूले सन्तानलाई खाने होइन कि बिटुलो (अशुद्ध) भएपछि कमजोर भएर सन्तान रक्षा गर्न असमर्थ भएका हुन् । उल्लिखित घटना घटेमा तुरुन्तै पितृहरूलाई चोख्याउनुपर्दछ ।

त्यसैले यस्तो घटना घट्न नपाऊन् भनेर यहाँका बान्तावा राईहरूले सधैँ चनाखो भएर बस्ने गर्दछन् ।

### भिन्न तीन पितृशक्तिको प्रतीकका रूपमा सुप्तुलुङ

सुप्तुलुङ, तीन चुला ढुङ्गाहरूको समग्रता हो । तीन चुला ढुङ्गाहरूले तीन भिन्न नामका साथ शक्तिको प्रतिनिधित्व गरेका हुन्छन् । यही नामका आधारमा तीन शक्तिले भूमिका निर्वाह गर्ने विश्वास छ । यिनीहरूको नाम, स्थान र समाजविशेष भिन्न पाइन्छ यद्यपि दितेनी गाउँका सबै बान्तावाहरूमा सुप्तुलुङका तीन चुलाहरूको मुन्दुमी नाम एउटै रहेको छ । थामबहादुर राई (वर्ष ६०) का अनुसार यहाँको मुन्दुमअनुसार सुप्तुलुङका तीन चुलाहरूको नाम क्रमशः पाखापलुङ, माखापलुङ र सालुमसङलुङ रहेको छ । यिनै चुला ढुङ्गाहरूलाई चासुमलुङ, छेन्बिलुङ र सायालुङ नामले पनि बोलाइन्छ । यी नामहरूप्रति अन्य माङटाङपाहरूको पनि सहमति रहेको पाइन्छ । नामअनुसार नै यिनीहरूले भूमिका निर्वाह गर्दै सन्तानहरूको सुब्बेफाब्बे गर्दछन् भन्ने विश्वास रही आएको छ । यी नामहरूलाई शीर्षकअनुसार चर्चा गर्न उपयुक्त देखिएकाले देहायअनुसार उल्लेख गरिएको छ :

### पाखापलुङ

अध्ययनक्षेत्रमा पाखापलुङलाई पाराङपालुङ, पाखाकलुङ नामले पनि बोलाउने गरेको पाइन्छ । यसलाई पाखोलों (प्रपन्नाचार्य, २०५७, पृ. ५४७), दिवालुङ (राई, २०६२, पृ. १९४), पाखालुङ⁄पापालुङ (राई, २०७७, पृ. १४२) आदि थुप्रै मुन्दुमी नामहरूले बोलाउने गरेको पाइन्छ । पाखापलुङलाई शिवजीको प्रतीक (प्रपन्नाचार्य, २०५७, पृ. ५४७), बाबुबाजेदेखि पारुहाङ पुर्खा (माङ) हरूको प्रतीक (सिवाहाङ, २०६८, पृ. ६३), पिता (राई, २०७७, पृ. १४२) को प्रतीक हो भनिएको छ । शिवजीको प्रतीकात्मक अर्थ भने पूर्णतः मुन्दुमी मान्यताभन्दा अलग र हिन्दू मान्यतासँग मिल्ने देखिन्छ । अन्य अध्येताहरूको अर्थ भने मुन्दुमको मान्यतासँग तादाम्यता राखेको पाइन्छ भने अध्ययनक्षेत्रसँग पनि मिलेको पाइन्छ । अध्ययनक्षेत्रमा पनि यसलाई पुरुष शक्तिको रूपमा पूजा-अनुष्ठान गर्ने गरेको पाइन्छ । पुरुष शक्तिका रूपमा परिवारमा आइपर्ने आपतविपत आदि अप्ठ्यारा अवस्थाहरूबाट बचाउने, प्रगति तथा सुब्बेफाब्बेका लागि भूमिका निर्वाह गर्ने विश्वास रहेको छ । यसरी सुप्तुलुङको एउटा चुल्हा ढुङ्गाले सिङ्गो पितृशक्तिका रूपमा स्थानमान पाएको देखिन्छ ।

### माखापलुङ

माखापलुङलाई अध्ययनक्षेत्रमा मामालुङ, माखाकलुङ नामले पनि बोलाउने गरेको पाइन्छ । यति मात्र होइन, माखोलों (प्रपन्नाचार्य, २०५७, पृ. ५४७), मामालुङ (सिवाहाङ, २०६८, पृ. ६४), माखालुङ⁄मामालुङ (राई, २०७७, पृ. १४२) आदि नामले पनि बोलाइन्छ । यस चुला ढुङ्गालाई विष्णुको प्रतीक (प्रपन्नाचार्य, २०५७, पृ. ५४७), आमा, बजुदेखि सुम्निमा स्त्री पुर्खाहरूको प्रतीक (सिवाहाङ, २०६८, पृ. ६४), माताको प्रतीक (राई, २०७७, पृ. १४२) हो भनिएको छ । अध्ययनक्षेत्रमा भने माखापलुङलाई महिला शक्तिको प्रतिनिधि ढुङ्गाविशेष मानिन्छ । त्यसैले प्रपन्नाचार्यले उल्लेख गरेको विष्णुको प्रतीकसँग मुन्दुमी मान्यताको तादाम्य पाइँदैन । विष्णु हिन्दू धर्मविशेषका पुरुषशक्ति पात्र हुन् । यहाँ विशेषतः लक्ष्मीको समृद्धि तथा सह होस् भन्दै पूजा गर्ने प्रचलन रहेको देखिन्छ ।

## सालुमसङलुङ

यस चुला ढुङ्गालाई साम्बिलो (प्रपन्नाचार्य, २०५७, पृ. ५४७), रमिलुङ (सिवाहाङ, २०६८, पृ. ६४), दक्छालुङ (राई, २०७७, पृ. १४३) आदि नामले पनि बोलाउने गरेको पाइन्छ। विशेषतः यो ब्रह्माको प्रतीक (प्रपन्नाचार्य, २०५७, पृ. ५४७), इष्टमित्र, छिमेकी, मावली, लोकसमाजको प्रतिनिधित्व गर्ने (सिवाहाङ, २०६८, पृ. ६४) साथै दाजुभाइको प्रतीक (राई, २०७७, पृ. १४३) मानिने उल्लेख छ। तर प्रपन्नाचार्यको ब्रह्माको प्रतीकात्मक अर्थ हिन्दू धर्मद्वारा प्रभावित भएकाले मुन्दुमसँग यसको तादाम्य देखिदैँन भने अन्य अर्थहरू भने मुन्दुमी मान्यतासँग मेल खाने देखिन्छ।

व्यक्तिबिना समाज बन्दैन र समाजबिना व्यक्ति रहँदैन भन्ने कोलीको भनाइ (Abraham, 2011, P. 211) र मुन्दुमको भनाइ मिल्दो देखिन्छ। मुन्दुमले पनि व्यक्ति र समाजलाई समान स्थान दिएको देखिन्छ। यहाँका बान्तावा राईहरूमा समाज भन्नाले आफूभन्दा भिन्न वंश तथा थरहरूको समग्रता भन्ने बुभिन्छ। यसको आवश्यकता भइपरि आउने परिस्थितिहरू सामना गर्न मात्र होइन समाज बिस्तारको एउटा महत्त्वपूर्ण पक्ष वैवाहिक सम्बन्धका लागि पनि महत्त्वपूर्ण देखिन्छ। बान्तावा राईहरूमा एउटै पाछा (उपथर, बाबुको वंश) बिच विवाह निषेध भएकाले अन्य पाछा समाजको आवश्यकता भएको हो। त्यसैले यहाँको बान्तावा राईहरूले सुप्तुलुङ पूजा गर्दा भिन्न वंशको सालुमसङ अनिवार्य राख्ने गर्दछन्। सालुमसङबिना पितृपूजा-अनुष्ठान गर्न मिल्दैन भने बिहेका लागि पनि सालुमसङ अनिवार्य चाहिन्छ। यसरी बान्तावा राईहरूले समाजलाई पनि उच्च प्राथमिकता दिएको देखिन्छ।

पितृ तथा समाजको समग्रता नै बान्तावा जीवनसंस्कृति हो। पितृपूजा-अनुष्ठान र सुप्तुलुङप्रति आस्था भएन भने बान्तावा राई हुन सक्तैन। बरु भाषा नबोले फरक पर्दैन तर सुप्तुलुङ र पितृप्रतिको आस्था, विश्वास र पूजा-अनुष्ठान अनिवार्य छ। सहर या गाउँमा बसोवास गरेको होस्, सुप्तुलुङ स्थापना गरेकै हुनुपर्दछ र वर्षमा न्यूनतम एकपटक सुप्तुलुङको पूजा-अनुष्ठान गर्नै पर्दछ। यस स्थलगत अध्ययनबाट दितेनी गाउँका बान्तावा राईहरूको सुप्तुलुङमा पितृहरूको स्थान रक्षक, पालक, उत्प्रेरक तथा अलौकिक शक्तिप्राप्त रहेको देखिन्छ। हिन्दू धर्मका शक्तिशाली देवता, भगवान्, ईश्वर; बौद्ध धर्मका बुद्ध, इस्लामका अल्हा, महम्मद र क्रिस्चियनहरूका ईशुखिष्टको अवस्था जस्तै बान्तावा राईहरूमा पितृको स्थान पाइन्छ।

## पितृहरूका प्रमुख भूमिकाहरू

माङटाङपा राजकुमार हाङखिमका अनुसार बान्तावा राईहरू पितृपूजक भएकाले अन्य मठमन्दिर जान आवश्यक छैन, पितृहरूलाई पुजे-सम्भे हुन्छ। यसैमा जोड दिदैँ माङटाङपा भोटमान राई बुबाआमा जीवित हुने बान्तावा राईहरूले मठमन्दिर धाएमा बुबाआमाको शिर ढल्छ भन्ने मान्दछन्। शिर ढल्नु भनेको बुबाआमाको प्रतिष्ठामा आँच पुग्नु, बिरामी हुनु साथै परिवारमा आर्थिक हानि हुनु हो। यसरी *मुन्दुम*अनुसार बान्तावा राईहरूका मुख्य देवता र भगवान् भनेका नै जीवित आमाबुबा साथै मृतात्मा पितृहरू हुन भन्ने देखिन्छ तर अहिले सबै धार्मिक स्थलहरूमा गई दर्शन गर्ने चलन बढिरहेको देखिन्छ।

पितृहरू नै बान्तावा राईहरूका आस्था, विश्वास र भरोसाका केन्द्र हुन्। त्यसैले बान्तवा राईहरू हरेक शुभकार्यको थालनी गर्दा होस् वा अप्ठ्यारो अवस्था आइपर्दा होस्, पितृहरूलाई सम्भने साथै सुप्तुलुङमा पितृहरूको पूजा गर्ने गर्दछन्। कतै टाढा परदेश निस्कँदा होस् वा मुद्दामामिला धाउन जाँदा होस् वा उपचार गर्नलाई अस्पताल जान लागेको होस्, सर्वप्रथम सुप्तुलुङमा गएर पितृहरूसँग बलासाखा (सुब्वेफाब्वे, राम्रो हुने प्रार्थना) मागेर निस्कने गर्दछन् भने घर फर्कँदा पनि

माङटाङपाले मुन्दुम भन्दै चोख्याएपछि मात्र घरप्रवेश गर्दछन् । परदेशमा जाँदा अनेक चिजबिज खाने साथै विभिन्न प्रकारका मानिसहरूसँग उठबस हुने भएकाले चोखिएर मात्र घर प्रवेश गर्नुपरेको हो । यसरी प्रत्येक पल पितृहरू सन्तानका साथमा हुने र अहोरात्र सन्तानको सुब्बेफाब्बे हुने कार्यमा तल्लीन रहने विश्वास रहेको छ । त्यसैले पितृहरूले सन्तानप्रति निर्वाह गर्ने मुख्य दायित्व, कर्तव्य तथा भूमिकाका बारेमा उल्लेख गरिन्छ :

### नयाँ परिवारको मान्यता दिनु

बान्तावा राईहरूमा घरको कसैले सुप्तुलुङ स्थापना गरेर पितृपूजा नगरेसम्म भान्छा र बसाइ छुट्टिए पनि परिवार भिन्न भएको मानिँदैन । छुट्टिएको सन्तानले भिन्न परिवारको मान्यता पाउनका लागि मूलघरबाट सुप्तुलुङ ल्याएर विधिवत् स्थापना गरेको हुनुपर्दछ । सुप्तुलुङ स्थापना गरेपछि मात्र छुट्टिएको घरले भिन्न घरको मान्यता पाउँदछ । बुबाआमाले छोराबुहारीलाई 'तिमीहरू आफैँले आफ्नो सुप्तुलुङ पुज्नू' भनेर अधिकार दिएमा माङटाङपा र माङटाङमा बनेर छोरा र बुहारीले सुप्तुलुङ पनि पुज्न मिल्छ । यसपछि पितृकार्यमा बुहारी प्रत्यक्ष सहभागी हुन थाल्दछन् । *मुन्दुम*अनुसार पुरुष भए अन्नको धनी, लक्ष्मीको धनी, परिवारको पितृपूजक, अग्निपूजक बन्दछन् भने मूली महिला अन्नकी रानी, सहकी रानी, चिन्डोकी रानी, जाँडकी रानी भनेर सम्बोधन गरिन्छ ।

चिन्डो बान्तावा राईहरूको पवित्र वस्तु हो । पितृहरूलाई चढाइने पवित्र जाँड वा मर्चापानी यसै चिन्डोमा राखेर चढाइन्छ । चिन्डोमा पितृप्रसाद जाँड भर्न पाउनु भनेको परिवारको मूल महिलामा दरिनु हो भने नैतिक रूपमा पनि उच्च रहेको सङ्केत हो । यौन विचलन भएकी महिलालाई यो चिन्डो छुने अधिकार हुँदैन भने पितृअमृत जाँड भर्ने कार्य त परको कुरा हो । यसरी सुप्तुलुङ स्थापनाले नयाँ परिवारको सिर्जना गर्दै व्यक्तिलाई परिचय, दायित्व र स्थानमान दिएको प्रस्ट देखिन्छ ।

### परिवारमा सदस्यको मान्यता दिनु

परिवारको कुनै सदस्यले बिहे गरेर बुहारी ल्याए तापनि सुप्तुलुङमा प्रवेश नगराएसम्म उसलाई परिवारका सदस्यको मान्यता दिइँदैन, पाहुनाको रूपमा मात्रै राखिन्छ । सुप्तुलुङमा प्रवेश नगराइएका कारणले परिवारका हरेक संस्कारगत कार्यहरूमा सहभागी हुन मिल्दैन भने मृत्यु भएमा संस्कारगत कार्य गर्न मिल्दैन । माङटाङपा लालबहादुर राईका अनुसार यस्तो भएमा मृत्यु संस्कारमा माइती पक्षको भूमिका हुन जान्छ । त्यसैले बान्तावा राईहरूमा छोरीचेली बिहे गरेर गएमा तुरुन्तै पितृबाट निकाल्नुपर्दछ भने बिहे गरेर ल्याइएकी बुहारीलाई पनि सकेसम्म छिट्टै विधिविधान गरेर सुप्तुलुङमा प्रवेश गराउनुपर्दछ । यसरी सुप्तुलुङ वा पितृमा प्रवेश गराउने कार्यबाट नयाँ मान्छेले सांस्कृतिक रूपमा परिवारको सदस्यको मान्यता प्राप्त गर्दछ ।

कसैले आफ्नो सन्तान नभएर अरू कसैको सन्तानलाई धर्मपुत्र अँगालेका भएमा पितृमा प्रवेश गराउनुपर्दछ । माङटाङपा थामबहादुर राईका अनुसार तत्काल प्रचलित कानुनअनुसार धर्मपुत्र बनाएर मात्र हुँदैन, *मुन्दुम*अनुसार सांस्कृतिक विधिविधान गरेर परिवारको सदस्य भएको मान्यता दिनुपर्दछ । यसका लागि सर्वप्रथम धर्मपुत्र बनाउन लागेको व्यक्तिलाई सुप्तुलुङ वा पितृमा प्रवेश गराइन्छ । यसपछि ऊ परिवारको सदस्य बनेर परिवारमा आइपर्ने सांस्कृतिक, सामाजिक, आर्थिक आदि कार्यहरू गर्ने उत्तराधिकारी बन्दछ । परिवारको सदस्य बनेको सामाजिक अनुमोदन गर्नका लागि पोरा पाक्मा संस्कार गरिन्छ । यो संस्कार गर्दा नयाँ सदस्यका हातबाट आमन्त्रित छिमेकी तथा

नाताआफन्तहरूलाई दालभात खुवाइन्छ । यसरी परिवारको नयाँ सदस्य बनाउनमा पितृहरूको मुख्य भूमिका रहेको हुन्छ ।

## समाजलाई महत्त्व दिनु

व्यक्ति एक्लैले मात्र समाज बन्दैन र बनाउन पनि सक्तैन, यसका लागि जाति, भाषा तथा धार्मिक विविधता आवश्यकता पर्दछ । समाज पूर्णतः मानिसहरूका सम्बन्धको जालो हो भने अर्को अर्थमा संस्कृति र संस्थाहरूको विकास गरेर निश्चित क्षेत्रमा बसोवास गर्ने मानिसहरूको समूह हो (Jery&Jery, 2000, P. 581) । मानिसले जीवनयापन गर्नका लागि समाजको आवश्यकता पर्दछ । समाजमा मानिसहरूको आपसी सम्बन्ध हुन्छ भने समाजभित्र रहनका लागि सामाजिक नियमहरूको पालना गर्नुपर्दछ । यसले मानिसहरूलाई सामूहिकतातिर उन्मुख तुल्याउने भएकाले सुप्तुलुङमा पनि महत्त्वका साथ समाज प्रतीक तथा प्रतिष्ठाको रूपमा सालुमसङलुङ (साक्षी, प्रतिनिधि ढुङ्गा) राखिएको हुन्छ । सालुमसङलुङले पाखापलुङ र माखापलुङबिचको समन्वयकारी भूमिका निर्वाह गर्नुका साथै पितृकार्य ठिकसँग गरिएको हो भनेर सामाजिक अनुमोदन गर्ने कार्य गर्दछ भन्ने विश्वास रहेको छ ।

सुप्तुलुङ स्थापना साथै पूजा-अनुष्ठानका क्रममा पनि कम्तीमा एक जना साक्षी वा सदस्यका रूपमा सालुमसङ अनिवार्य चाहिन्छ । सालुमसङ हुने व्यक्ति परिवारभन्दा भिन्न वंश र थरको राई हुनुपर्दछ । सुप्तुलुङका तीन चुलाहरू बनाउने, स्थापना गर्नेदेखि लिएर पूजा-अनुष्ठानका क्रममा पनि सालुमसङको आवश्यकता पर्दछ । यति मात्र होइन बिहेको समयमा पनि अनिवार्य एक जना सालुमसङ चाहिन्छ । यसरी यहाँका बान्तावा राईहरूले हरेक सांस्कृतिक कार्यहरूमा सालुमसङ राख्नुको मुख्य कारण भनेको आफूले गरेका सांस्कृतिक कार्यहरूलाई विश्वासयुक्त बनाउँदै सामाजिक अनुमोदन गर्नु पनि हो । आफूले गरेको काम र आपसी नाताबिच मिलेर गरेको काम विश्वासयुक्त नहुने भएकाले पनि प्रतिनिधित्वका लागि सालुमसङ राख्न आवश्यक परेको हो । यसरी समाज निर्माणमा पनि पितृहरूको मुख्य भूमिका रहेको पाइन्छ ।

## परिवारमा सुब्बेफाब्बे कायम गर्नु

बान्तावा राईहरूमा परिवारको प्रगति, शान्ति तथा सुस्वास्थ्य कायम गर्न पितृहरूको मुख्य भूमिका रहने कुरा माथि पनि उल्लेख गरिसकिएको छ । यहाँको समाजमा व्यक्तिको एक्लो प्रयासले मात्र सफलता प्राप्त हुँदैन, पितृहरूको साथ चाहिन्छ भन्ने विश्वास रहेको छ । त्यसैले अवसरविशेष उनीहरूले सुप्तुलुङ तथा पितृहरूको पूजा-अनुष्ठान गर्ने गर्दछन् । उँभौली सेवा (वैशाख) लागेपछि नयाँ वर्षभरि परिवारभित्र स्वस्थ रहन, नयाँ उन्नति-प्रगति हाँसिल गर्न साथै लगाएको बालीनाली राम्रो होस् भन्नाका लागि पितृहरूको पूजा-अनुष्ठान गर्ने गरिएको पाइन्छ । उँभौलीको समयमा लगाइएका अन्नबालीहरू साउनभदौ महिनातिर खाने बेला हुन्छ । ती नयाँ अन्नबालीहरूको उपभोग सुरु गर्नुभन्दा अगावै न्वागीमार्फत पितृहरूलाई चढाएर मात्र खाने गरिन्छ । उँधौली सेवा (मङ्सिर महिना) मा पितृहरूको शुभाशिष्ले प्राप्त अन्नादिहरू थन्क्याइएकाले सह (फारो हुने शक्ति) रहोस् भन्ने शक्ति माग्दै र परिवारमा सुखशान्ति तथा प्रगति छाएको खुशीयालीमा पितृपूजा गर्दछन् । यसरी सन्ततिहरूको हर क्षेत्रमा समृद्धि साथै सुस्वास्थ्य कायम गर्नाका लागि पितृहरूको ठूलो भूमिका हुन्छ भन्ने विश्वास रहेको छ ।

## पारिवारिक नैतिकता कायम गर्नु

परिवार भन्नाले रगत, वीर्य, नाता, घर, अनुकूलता र वैवाहिक सम्बन्धले संयुक्त भएका मानिसको समूह, एउटै भान्सामा खाने घरका मानिसहरूको समूह भन्ने बुझिन्छ (पराजुली, २०६०, पृ. ७४५)। परिवारका सदस्यहरू वैवाहिक सम्बन्ध साथै रक्तसम्बन्धले बाँधिएका हुन्छन् (गुप्ता र शर्मा, सन् १९९७, पृ. ६०४)। यसरी परिवार भन्नाले एउटा घरभित्र बस्ने, एउटै भान्सा प्रयोग गर्ने वैवाहिक नाता र रक्तनाता भएका सदस्यहरूको सामूहिक बसाइ तथा सामूहिक एकता भएको घर भनेर बुझिन्छ। अलिखित नियम, कानुन, प्रचलन, व्यवहार, विश्वास साथै नैतिकताका आधारमा परिवारभित्र सामूहिक एकता कायम भई परिवार सञ्चालन हुन्छ। यी सम्पूर्णको स्रोत भनेका नै पितृहरू हुन्। घरमा सुप्तुलुङ स्थापना गरिसकेपछि परिवारका सदस्यहरूमा श्रेणीबद्धता कायम भई कार्यविभाजन हुने र जिम्मेवारी बहन गर्नु पर्ने दायित्व तथा नैतिकता स्वतः प्रारम्भ हुन्छ र परिवार अगाडि बढ्दछ। सुप्तुलुङ जो व्यक्तिले ल्याएर स्थापना गरेको हो ऊ घरको मुख्य व्यक्ति ठहरिन्छ भने अन्य सदस्यहरूमा उमेर साइनोका आधारमा श्रेणी निर्धारण हुन्छ। परिवारका कोही सदस्यले जिम्मेवारी, दायित्व पालन गरेनन् र नैतिकता देखाएनन् भने वादविवाद, झैझगडा सिर्जना हुन्छ।

घरभित्र विवाद परेर गालीसराप दिदैं थुकेमा, झैंझगडा गर्दा रक्तपात भएमा यहाँका बान्तावाहरूले 'माङहिम लिसा, हवादोङवा लिसा' भन्दछन्। गालीसराप तथा रगतपच्छे भयो भने पितृहरू बिटुलिएर परिवार, दाजुभाइ तथा चेलीबेटीभित्र तुरुन्तै आर्थिक तथा शारीरिक नोक्सानी व्यहोर्नुपर्ने हुन्छ। सोचे जस्तो प्रगति नहुने साथै लुलालङ्गडा सन्तान जन्मिने विश्वास रहेको छ। यस्तो घटना घटेमा तुरुन्तै वंश दाजुभाइ साथै चेलीबेटीहरूलाई बोलाई माङहिम चुम्मा (सराप बहाउने) गर्दछन्। यस्तो कार्य गर्नेलाई माफ मगाउँदै आगामी दिनमा यस्तो नगर्ने वाचासमेत गराउँछन्। गल्ती गर्नेले पनि माफी माग्दै आगामी दिनमा यस्तो कार्य नगर्ने वाचा गर्दै सबैलाई ढोग्दछन्। परिणामतः परिवारमा नैतिकता कायम गर्न मद्दत पुग्दछ।

यौन आचरणलाई पनि सुप्तुलुङले नियमितता गरेको हुन्छ। *मुन्दुम*अनुसार यौनसम्बन्ध वैवाहिक दाम्पत्यबिच मात्र हुनपर्छ, अन्यसँग हुनु हुँदैन। यहाँका बान्तावा राईहरूमा छोरी मान्छेले लुकीचोरी यौनसम्बन्ध राखेमा पितृहरूले स्वीकार गर्दैनन्। यस्तो भएमा माङ पोप्मा (पितृ बिटुलो हुनु) हुन्छ, जसलाई मुन्दुमी भाषामा रिसि ताङलान भनिन्छ। यस्तो भएमा एकदुई पटकसम्मलाई सम्झाईबुझाई माफ गरिन्छ। यति गर्दा पनि सुध्रिएन भने सधैंलाई सुप्तुलुङ तथा पितृहरूको साथबाट मुक्त गरिन्छ। यस कार्यले पनि परिवारलाई सुव्यवस्थित सञ्चालन गर्न मद्दत पुग्दछ।

## निष्कर्ष


अध्ययनक्षेत्रका बान्तावा राईहरूमा सुप्तुलुङ र पितृहरूको स्थान महत्त्वपूर्ण रहेको छ। सुप्तुलुङ, मुन्दुम विधि गरेर गाडिएको चुला नै हो। चुलामा मुन्दुम विधि गरेर पितृहरू अर्थात् सुन्तुमहरू राखिने र बस्ने भएकाले सुप्तुलुङ भनिएको हो। हिन्दू धर्ममा देवता, भगवान् तथा ईश्वरलाई जुन स्थान दिइएको छ यहाँका बान्तावा राईहरूले सुप्तुलुङ स्थापनाका माध्यमबाट पितृहरूलाई सोहीअनुसारको स्थानमान दिलाएको पाइन्छ भने त्यसरी नै पितृहरू निवास गर्ने कारणले सुप्तुलुङले पनि देवस्थलको मान्यता पाएको छ। त्यति मात्र होइन सुप्तुलुङका तीन चुलाहरूमा पाखापलुङले पुरुष पितृ र माखाकलुङले महिला पितृ प्रतीकको रूपमा रहेर सन्तानहरूलाई समय, अवसरअनुसार रक्षा तथा सहायता दिने विश्वास छ। प्रतीकले कुनै पनि वस्तुको मूल्य तथा मान्यता सिर्जना गर्ने भएकाले त्यो वस्तुको महत्त्व स्थापित हुने गर्दछ। यस अर्थमा पितृहरूका लागि सुप्तुलुङ महत्त्वपूर्ण रहेको छ भने सुप्तुलुङका कारणले शक्तिको स्रोतका

रूपमा पितृहरूले समाजमा सम्मानित पहिचानसमेत पाएका छन् । त्यसरी नै पितृहरूले सन्तानप्रतिको दायित्वका रूपमा परिवारको सिर्जना गर्ने, नयाँ व्यक्तिलाई परिवारको सदस्यका रूपमा मान्यता दिने, परिवारमा नैतिकता कायम गर्ने जस्ता महत्त्वपूर्ण दायित्व तथा भूमिका निर्वाह गर्ने गरेको अध्ययनबाट देखिन्छ ।

## परिशिष्ट

चित्र नं.१

**सुप्तुलुङको संरचना**




## सन्दर्भ सामग्रीसूची

आचार्य, तुलसी (२०७३). *मनु-स्मृति.* वाराणसी : श्री दुर्गा साहित्य भण्डार ।
गुप्ता, एम.एल. र शर्मा, डी.डी. (सन् १९९७). *समाजशास्त्र.* आगरा : साहित्य भवन पब्लिकेसन्स ।
प्रपन्नाचार्य, स्वामी (२०५७). *प्राचीन किरात इतिहास.* पाँचथर : किरातेश्वर प्रकाशन ।
पराजुली, कृष्णप्रसाद (सम्पा.) (२०६०). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
माङ्पाहाङ, हाङ राई (२०७८). केही मुन्दुमी बान्तावा शब्द र तिनका अर्थ. *बुङ्वाखा.* १७ (१९६) ।
राई, ईश्वरकुमार (२०७७). *बान्तावा भाषाको समाज भाषावैज्ञानिक अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधग्रन्थ. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।
राई, राजुकुमार (२०७५). *बान्तावा राई समुदाय र संस्कृति.* कीर्तिपुर : एकेडेमिक बुक सेन्टर ।
लिम्बू, अर्जुन, किरात, जितपाल रोगु, लिलबहादुर र सुनुवार, उत्तम (२०५९). *किरात चाड.* ललितपुर : किरात याक्थुङ चुम्लुङ ।
सिवाहाङ, जय (२०६८). *किरात मुन्धुमभित्रको विज्ञान.* ललितपुर : कृष्णकुमारी राई ।
हतुवाली, चन्द्रकुमार (२०७०). राई बान्तावा भाषामा बालबालिकाको नाम. *बुङ्वाखा* मासिक ।

हार्ताम्छाली, नारदमनि (सम्पा.) (२०७५). किरात सांस्कृतिक सम्पदा सुप्तुलुङ. *किरात र सुप्तुलुङ* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।
Abrahm, M.F. (2011). *Modern Sociological Theory*. New Delhi : Oxford University Press.
Creswell, J.W. (2009). *Research Design*. New Delhi : SAGE.
Geertz, C. (1973). *The interpretation of Culture*. Newyork : Basic Book, Inc, publisher.
Jary, D., Jary, J. (2000). *Sociology*. Glasgow : Harper Collins Publishers.
Ooms, H. (1976). *Ancestors. (Edt.)*. Paris : Mounton Publishers.
Rai, D.B. (2018). *SENCE OF PLACE AND ITS REFLECTION ON TERRITOREAL MOBILITY IN RAI COMUNITY OF SAMPANG VILAGE OF MAJHKIRAT (Unpublished Thesis)*. Kirtipur : T.U.

## सूचनादाताहरू

हतुवागढी– २, दितेनी निवासी माङटाङपा वर्ष ६० का थामबहादुर राई ।
हतुवागढी– २, दितेनी निवासी माङटाङपा तथा धामी वर्ष ७० का पदमबहादुर राई ।
हतुवागढी– २, दितेनी निवासी घरमूली तथा शिक्षक वर्ष ४८ का बालकुमार राई ।
हतुवागढी– २, दितेनी निवासी माङटाङपा वर्ष ७० का भोटमान राई ।
हतुवागढी– २, दितेनी निवासी माङटाङपा वर्ष ६५ का राजकुमार हाङखिम ।
हतुवागढी– २, दितेनी निवासी माङटाङपा वर्ष ७४ का रामप्रसाद राई ।
हतुवागढी– २, दितेनी निवासी माङटाङपा वर्ष ६५ का लालबहादुर राई ।